**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS**

**BROADCAST: 18:40 hrs** **Date:28.10.2025**

---

***लोकसभा सांसद इन्द्र हाङ सुब्बा न्यूयोर्कमा हुने संयुक्त राष्ट्र संघको महासभाको 80 औं सत्रमा भारतको संसदीय प्रतिनिधिमण्डलमा सामेल***

लोकसभा सांसद इन्द्र हाङ सुब्बा 27 देखि 31 अक्टोबर 2025 सम्म न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्र संघको महासभा को 80 औं सत्रमा भारतको गैर- आधिकारिक संसदीय प्रतिनिधिमण्डलको हिस्सा हुनुहुन्छ। भ्रमणको पहिलो दिन, 13 सदस्यीय संसदीय प्रतिनिधिमण्डलले संयुक्त राष्ट्र संघमा भारतको संलग्नता सम्बन्धी जानकारी सत्रमा भारत लिएको थियो, जुन संयुक्त राष्ट्र संघका लागि भारतका स्थायी प्रतिनिधिले सञ्चालन गरेका थिए। यसले संयुक्त राष्ट्र संघमा भारतको सक्रिय भूमिका र प्राथमिकताहरूमा, विशेष गरी दिगो विकास, शान्ति स्थापना र बहुपसक्षीय सहयोग सम्बन्धी क्षेत्रहरूमा बहुमूल्य अन्तदृष्टि प्रदान गऱ्यो। भ्रमणको क्रममा, भारतीय सांसदहरूले भारत- संयुक्त राष्टर साझेदारी बहुआयामिक प्रकृतिको बारेमा थप जान्नुहुनेछ। श्री सुब्बाले संयुक्त राष्ट्रसंघको कार्यप्रणाली र विश्वव्यापी मञ्चमा भारतको महत्वको बारेमा प्रत्यक्ष ज्ञान प्राप्त गर्ने यो बहुमूल्य अवसरका लागि लोकसभा अध्यक्ष ओम बिर्ला र सरकारप्रति गहिरो आभार व्यक्त गरेका छन्।

---

***शिक्षा तथा समाज कल्याण विभागले विभिन्न छात्रवृत्ति योजनाहरूको बारेमा मिडियालाई संक्षिप्त जानकारी गरायो।***

आज आयोजना गरिएको एक पत्रकार सम्मेलनमा सिक्किम सरकारको शिक्षा विभाग र समाज कल्याण विभागका अधिकारीहरूले दुवै विभाग अन्तर्गत कार्यन्वयन भइरहेका विभिन्न छात्रवृत्ति योजनाहरूको बारेमा मिडियालाई जानकारी गराए।

छात्र कल्याण बोर्ड, शिक्षा विभागका अध्यक्ष सोनाम छोपेल शेर्पाको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा शिक्षा विभागका निर्देशक छिरिङ की चिङगापा, समाज कल्याण विभागकी अतिरिक्त सचिव बन्दना छेत्री र दुवै विभागका अधिकारीहरूको उपस्थिति थियो ।

यो सम्मेलनको उद्देश्य, राष्ट्रिय छात्रवृत्ति पोर्टल www.scholarships.gov.in र www.nsp.gov.in मार्फत उपलब्ध राज्य र केन्द्रद्वारा प्रायोजित छात्रवृत्ति योजनाहरूको विस्तृत श्रृंखलाबारे विद्यार्थी, अभिभावक र शैक्षिक संस्थाहहरूमा जागरूकता ल्याउन थियो ।

---

## ***जिल्ला स्तरीय प्रतियोगिता पाकिम***

पाकिम जिल्ला शिक्षा विभागद्वारा आयोजित एक भारत श्रेष्ठ भारतको तत्वावधानमा जिल्ला- स्तरीय प्रतियोगिता आज पाकिम जुनियर हाई स्कूलमा आयोजना गरिएको थियो । कार्यक्रमको उद्देश्य विभिन्न आकर्षक गतिविधिहरू मार्फत भारतको समृद्ध सांस्कृतिक सम्पदा र विविधतामा एकताको महत्वबारे विद्यार्थीहरूमा चेतना जगाउनु हो ।

भेलालाई सम्बोधन गर्दै, शिक्षा विभागका सीईओ तथा प्रमुख अतिथि नारायण मिश्राले सरदार वल्लभभाई पटेलको जन्मजयन्तीको सम्झनामा आयोजना गरिएको एक भारत श्रेष्ठ भारत मनाउने महत्वमाथि प्रकाश पारे र कार्यक्रमले विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरूमा रहेका विविध संस्कृति, परम्परा र अभ्यासहरूको गहिरो बुझाइ सिर्जना गर्न र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको जानकारी दिए ।

कार्यक्रममा पाकिम जिल्लाका छवटा ब्लकका विद्यालयहरूको सहभागिता थियो । प्रत्येक वर्गका विजेताहरूले राज्यस्तरीय प्रतियोगितामा जिल्लाको प्रतिनिधित्व गर्नेछन् ।

---

## ***सिक्किमका दुई बाँसुरीवादकहरू एकता दिवस कार्यक्रममा प्रस्तुति दिन छनोट***

सिक्किमका दुई युवा बाँसुरीवादकहरू, प्रीतम राज छेत्री र सक्षम सुब्बा, सिक्किम विश्वविद्यालयको संगीत विभागका आरव सुनार, पिदुष विश्वास र पवि पनुसालाई 31 अक्टोबर मा गुजरातको केवड़ियामा हुने प्रतिष्ठित एकता दिवस कार्यक्रममा प्रस्तुति दिन छनोट गरिएको छ ।

प्रतिभाशाली समूह राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा भव्य बाँसुरी वादय प्रस्तुतिमा भारतभरका 90 भन्दा बढ़ी संगीतकारहरूसँग सामेल हुनेछ । कार्यक्रममा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको उपस्थिति रहनेछ ।

---

***<u>तेन्जिङ टी कैलोन गृह विभागको सचिवको रूपमा कार्यभार सम्हाले</u>***

सूचना प्रविधि विभागबाट सरूवा भएपछि तेन्जिङ टी कैलोन आज बिहान गृह विभागको सचिवको रूपमा कार्यभार सम्हालेका छन् ।

---